# कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरू, २०४०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४०।४।९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरू, २०४०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **कार्यालय स्थापना गर्दा कार्यक्षेत्र तोक्ने** : नेपाल सरकारले केन्द्रीय कार्यालय बाहेक अरू कुनै कार्यालय स्थापना गर्दा क्षेत्र, अञ्चल, जिल्ला, जिल्लाको इलाका, नगर वा गाउँ विकास समिति र वडाको सिमानालाई आधार मानी कार्यक्षेत्र तोक्नु पर्नेछ ।

तर आवश्यकता अनुसार एउटै जिल्लाभित्रको कुनै एक वा एकभन्दा बढी गाउँ वा नगर पञ्चायतको सिमानालाई आधार मानी कार्यक्षेत्र तोक्न पनि सकिनेछ ।

३. **एक कार्यालयको लागि बढी कार्यक्षेत्र तोक्न सकिने** : (१) नियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले एक भन्दा बढी क्षेत्र, अञ्चल, जिल्ला, जिल्लाको इलाका, नगर वा गाउँ विकास समिति र वडाको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यालय स्थापना गर्दा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेछः-

(क) एकभन्दा बढी जिल्लाको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक जिल्लाको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ । त्यस्तो कार्यालय जुन जिल्ला सदर मुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नु पर्नेछ ।

(ख) एकभन्दा बढी अञ्चलको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक अञ्चलको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ । त्यस्तो कार्यालय जुन अञ्चल सदरमुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नु पर्नेछ ।

(ग) एकभन्दा बढी क्षेत्रको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक क्षेत्रको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ । त्यस्तो कार्यालय जुन क्षेत्रीय सदरमुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नु पर्नेछ ।

४. **यी नियमहरू बमोजिम कार्यक्षेत्र तोक्नुपर्ने** : यी नियमहरू प्रारम्भ हुनुभन्दा अघि स्थापना भै रहेको कार्यालयमध्ये नियम २ वा ३ बमोजिम कार्यक्षेत्र नतोकेका कार्यालयहरूको कार्यक्षेत्र पनि यी नियमहरू प्रारम्भ भएको मितिले ६ महिनाभित्र यसै नियमावली बमोजिम तोक्नु पर्नेछ ।

नेपाल कानून आयोग

द्रष्टव्य : गाउँ विकास समिति ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरू :
"गाउँ सभा" वा "गाउँ पञ्चायत" को सट्टा "गाउँ विकास समिति" ।